# प्रेस विज्ञप्ति- ३०३

# Press Release- 303

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं ।
मितिः २०७८।११।२९ गते ।

## नियन्त्रित लागु औषध एम्पुलको कारोवारमा संलग्न १० जना मानिस २७०० एम्पुल सहित पक्राउ

उपत्यकामा लागु औषधको अबैध कारोबार भईरहेको भन्ने सूचनाको आधारमा लागु औषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले विभिन्न मितिमा **नियन्त्रित लागु औषध २७०० एम्पुल** सहित उक्त अबैध कारोबारमा संलग्न **१० जना** मानिसहरुलाई पक्राउ गरिएको ।

१. मिति २०७८।११।१६ गते जिल्ला नुवाकोट शिवपुरी गा.पा. ५ ठेगाना भएका बर्ष ३८ को **श्याम गुरुङ**लाई काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १६ बालाजुबाट **नियन्त्रित लागू औषध बुप्रेनोर्फिन ५ एम्पुल, डाईजेपाम- ५ एम्पुल, फेनारगन- ५ गरी जम्मा १५ एम्पुल** सहित पक्राउ गरिएको ।

२. मिति २०७८।११।१६ गते जिल्ला मोरङ मिक्लाजुङ गा.पा. ४ ठेगाना भएका बर्ष ३० को **सोनाम तामाङ**लाई जिल्ला काठमाण्डौं नागार्जुन न.पा. वडा नं. २ स्थित बालाजु डेराकोठाबाट **नियन्त्रित लागू औषध बुप्रेनोर्फिन २६९ एम्पुल, डाईजेपाम- २६९ एम्पुल, फेनारगन- २६९ एम्पुल गरी जम्मा८०७ एम्पुल** सहित पक्राउ गरिएको । साथै उक्त कारोवारमा संलग्न जिल्ला काभ्रेपलान्चोक बनेपा न.पा.१ ठेगाना भएका बर्ष ३६ को **समिर राजभण्डारी** र जिल्ला बाग्लुङ गल्कोट न.पा. ५ ठेगाना भएका बर्ष ३२ को **सुवर्ण मल्ल**लाई समेत सोही स्थानवाट पक्राउ गरिएको ।

३. मिति २०७८।११।१८ गते जिल्ला पर्सा धोविनी गा.पा. ५ ठेगाना भएका बर्ष ३६ की **रङमती देवी पटेल** लाई काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. १६ बालाजुबाट **नियन्त्रित लागु औषध बुप्रेनोर्फिन ५५० एम्पुल, डाईजेपाम- ५५० एम्पुल, फेनारगन- ५५० एम्पुल गरी जम्मा १६५० एम्पुल** सहित पक्राउ गरिएको । साथै उक्त कारोवारमा संलग्न जिल्ला सोलुखुम्बु दुधकुण्ड न.पा.८ ठेगाना भएका बर्ष २८ को **सबिन कुमार श्रेष्ठ**, जिल्ला सर्लाही लालबन्दी न.पा.३ ठेगाना भएका बर्ष ३५ को **देब शेख,** जिल्ला दोलखा भिमेश्वर न.पा. ४ ठेगाना भएका बर्ष २१ को **रोशन कुँवर** लाई समेत सोही स्थानबाट पक्राउ गरिएको ।

४. मिति २०७८।११।१९ गते जिल्ला सिन्धुली हरिहरपुरगढी गा.पा. ७ ठेगाना भएका बर्ष ३२ को **प्रकाश जिम्बा**लाई काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ४ माईतीचोकबाट **नियन्त्रित लागु औषध बुप्रेनोर्फिन ७६ एम्पुल, डाईजेपाम- ७६ एम्पुल, फेनारगन- ७६ एम्पुल गरी जम्मा २२८ एम्पुल** सहित पक्राउ गरिएको । साथै उक्त कारोवारमा संलग्न जिल्ला सर्लाही बागमती न.पा.३ ठेगाना भएका बर्ष ३८ को **सागर भन्ने विवै सिंह स्याङतान** लाई समेत सोही स्थानबाट पक्राउ गरिएको ।

**नोट** : *पक्राउ परेका प्रतिबादीहरू मध्येका **प्रतिबादी देब शेख** यसै ब्यूरोबाट मिति २०७२।०६।२० गते **लागु औषध एम्पुल मुद्धामा पक्राउ परी सम्मानित जिल्ला अदालत काठमाण्डौंबाट दोषी ठहर भई २ बर्ष कैद र १ लाख जरिवाना** भुक्तान गरी छुटेका ब्यक्ति हुन भने अर्का **प्रतिबादी सोनाम तामाङ** समेत यसै ब्यूरोबाट मिति २०७५।०८।०३ गते **लागु औषध एम्पुल मुद्धामा पक्राउ परी सम्मानित जिल्ला अदालत काठमाण्डौंबाट दोषी ठहर भई २ बर्ष कैद र १ लाख ५० हजार जरिवाना** भुक्तान गरी छुटेका ब्यक्ति हुन ।*

पक्राउ परेका उल्लेखित व्यक्तिहरूलाई लागु औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी यस व्यूरोबाट आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध ।

**प्रहरी उपरीक्षक**
**(जीवन कुमार श्रेष्ठ)**
**सम्पर्क नं. ९८५११३२७४३**
**प्रहरी प्रवक्ता एवं सूचना अधिकारी**